# हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड

नयाँ वानेश्वर, काठमाण्डौ।

## कम्पनीको एघारौं वार्षिक साधारण सभामा भएको काम कारबाहीको विवरण (माइन्यूट)

यस हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको एघारौं वार्षिक साधारण सभा मिति २०७९ साल पौष २६ गते मङ्गलबार बिहान १०:०० बजेदेखि अर्पण ब्याङ्केट, नयाँ वानेश्वर, काठमाण्डौमा बस्यो। साधारण सभाको उपस्थिति, प्रस्तावहरु, छलफल, सूचना प्रकाशन, गणपूरक संख्या, सभाको वैधानिकता, अध्यक्षता, सभा सञ्चालन तथा प्रतिवेदन प्रस्तुति, निर्णयहरु तथा अन्य काम कारवाहीको विवरण निम्न अनुसार रहेको छः-

**सभामा उपस्थितिः**

<u>सञ्चालकहरुको उपस्थिति</u>

१. श्री दिनेशकुमार घिमिरे — -अध्यक्ष
सचिव, ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय

२. श्री भूपाल बराल — -सञ्चालक
सहसचिव, अर्थ मन्त्रालय

३. श्री निर्मला अधिकारी भट्टराई — -सञ्चालक
सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

४. श्री जितेन्द्र धिताल — -सञ्चालक
प्रशासक, कर्मचारी सञ्चय कोष

५. श्री सुधीर ज्ञवाली — -सञ्चालक
सर्वसाधारण शेयरधनी

६. डा. ई. मेग बहादुर विश्वकर्मा — -सञ्चालक
स्वतन्त्र सञ्चालक

<u>शेयरधनीहरुको उपस्थितिः</u>

**(क) संस्थापक शेयरधनीहरु (अन्य संस्थापक समूह बाहेक) को तर्फबाट प्रतिनिधित्व गरी स्वयम् उपस्थिति — जम्मा ७ जना**

१. श्री अनमोल कुमार दाहाल, शाखा अधिकृत
प्रतिनिधि, नेपाल सरकार, अर्थ मन्त्रालय

२. श्री बाबुराज अधिकारी, सि.डि.ई.
प्रतिनिधि, नेपाल सरकार, ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय

३. श्री राजाराम दाहाल, उपसचिव
प्रतिनिधि, नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

४. श्री डिल्ली अधिकारी, लेखा अधिकृत
प्रतिनिधि, नेपाल सरकार, महालेखा नियन्त्रक कार्यालय

५. श्री कमल अर्याल, वरिष्ठ प्रवन्धक
प्रतिनिधि, कर्मचारी सञ्चय कोष

६. श्री बसु दाहाल, सहायक व्यवस्थापक
प्रतिनिधि, राष्ट्रिय वीमा संस्थान

७. श्री नारायण प्रसाद घिमिरे, उपनिर्देशक
प्रतिनिधि, नागरिक लगानी कोष

**(ख) अन्य संस्थापक समूहका शेयरधनीहरुको उपस्थितिः** ३ जना (५००,०८० कित्ता शेयर)

**(ग) सर्वसाधारण शेयरधनीहरु (समूह "ख") को उपस्थितिः** ४७८ जना (११३,०४६ कित्ता शेयर)

<u>कम्पनीका कर्मचारीहरुको उपस्थितिः</u>

१. श्री अर्जुन कुमार गौतम, प्रमुख कार्यकारी अधिकृत
२. श्री अरुण रजौरिया, नायव महाप्रवन्धक (हाइड्रो)
३. श्री वासुदेव भण्डारी, प्रमुख प्रवन्धक
४. श्री जिवन कुमार बस्नेत, प्रमुख प्रवन्धक/ कम्पनी सचिव
५. श्री रमेश पनेरु, वरिष्ठ प्रवन्धक
६. श्री दिपक पौडेल, प्रवन्धक
७. श्री पर्शुराम बोगटी, प्रवन्धक
८. श्री कौशल राज अधिकारी, वातावरण तथा सामाजिक सुरक्षा अधिकृत
९. श्री सरोज पौडौल, वरिष्ठ अधिकृत
१०. श्री सुरज ज्ञवाली, अधिकृत
११. श्री भरत बराल, अधिकृत
१२. श्री प्राज्ञिक तिमिल्सिना, अधिकृत
१३. श्री सुरेन्द्र सिनाल, अधिकृत

**छलफलका विषयहरुः**

१) **साधारण प्रस्तावः**

१) आर्थिक वर्ष २०७८/७९ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२) आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७८/७९ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने।

३) श्री महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श बमोजिम चालु आर्थिक वर्ष २०७९/८० को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

४) कम्पनीको स्वतन्त्र सञ्चालक पदमा १ (एक) जना नियुक्त गर्ने।

२) **विशेष प्रस्तावः**

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई चुक्ता पूँजीको ५.००% (पाँच प्रतिशत) का दरले हुने रू. १,०६,३८,१३,३७५।- (अक्षरेपी एक अर्ब छ करोड अड्तीस लाख तेह्र हजार तीन सय पचहत्तर मात्र) बराबरको बोनस शेयर र चुक्ता पूँजीको ०.२६३% (शून्य दशमलव दुइ छ तीन प्रतिशत) का दरले हुने रू. ५,५९,९०,१७७।६३ (अक्षरेपी पाँच करोड उनान्साठी लाख नब्बे हजार एक सय सतहत्तर रुपैयाँ त्रिसठ्ठी पैसा मात्र) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने। (कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) मा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको कम्पनीले नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र लाभांश वितरण गर्न सक्नेछ भन्ने व्यवस्था रहेकोले प्रस्तावित वोनस शेयर र नगद लाभांश नेपाल सरकारको स्वीकृति प्राप्त भए पश्चात मात्र वितरण गरिनेछ।)

२) कम्पनीको प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने।

३) कम्पनीको प्रवन्धपत्र र नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरूप आवश्यक समायोजन गर्न सञ्चालक समितिलाई अधिकार प्रदान गर्ने।

४) कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा कम्पनीबाट अटिज्म भएका बच्चाहरुको अवस्था सुधारका कार्यक्रमका लागि अभानी फाउण्डेशन, काठमाण्डौलाई रु. ४ लाख सहयोग रकम भुक्तानी भएकोमा सो को अनुमोदन गर्ने।

३) विविध।

**सभाको सञ्चालनः**

१. **सूचना प्रकाशनः**

मिति २०७९/०८/२९ गते बसेको सञ्चालक समितिको २७०औं बैठकको निर्णयानुसार कम्पनीको एघारौं वार्षिक साधारण सभा सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा ६७ तथा कम्पनीको नियमावलीको नियम १८

अनुसार मिति २०७९/०९/०५ गते कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिमको संक्षिप्त आर्थिक विवरण सहित नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रथम पटक तथा मिति २०७९/०९/०६ गते कारोबार राष्ट्रिय दैनिकमा दोश्रो पटक गरी दुई पटक सूचना प्रकाशन गरी शेयरधनी महानुभावहरुलाई एघारौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल गरिने विषयहरु तथा कम्पनीको संक्षिप्त आर्थिक विवरणका बारेमा जानकारी गराइएको थियो।

यसका अतिरिक्त एघारौं वार्षिक साधारण सभाका बारेमा शेयरधनीहरुलाई सु-सूचित गराउन वार्षिक प्रतिवेदन, वित्तीय विवरण, प्रवन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनको तीन महले विवरण लगायतका सूचना तथा जानकारीहरु कम्पनीको सूचना पाटी र कम्पनीको वेबसाइट www.hidcl.org.np मा समेत नियमित रुपले राखिएको थियो। साथै, आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण गरिएको आर्थिक विवरण तथा सञ्चालक समितिको प्रतिवेदन सहितको वार्षिक प्रतिवेदन कम्पनीको कार्यालय, नयाँ वानेश्वर, काठमाण्डौबाट वितरणको व्यवस्था गरिएको थियो।

यस एघारौं वार्षिक साधारण सभाको बारेमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र नेपाल राष्ट्र बैंकमा सेमत जानकारी गराइएको थियो।

**२. साधारण सभाको गणपूरक संख्याको आधिकारिकताः**

कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा कम्पनीको नियमावलीको नियम २३ मा भएको व्यवस्था अनुसार कम्पनीको बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५०% भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधि मार्फत उपस्थिति नभई सभाको काम कारवाही हुने छैन भन्ने उल्लेख गरिएकोमा यस सभामा कम्पनीका ७ जना संस्थापक शेयरधनीहरुबाट ७२.५९ प्रतिशत शेयरको प्रतिनिधित्व भएको तथा अन्य संस्थापक उपसमूहबाट ०.२४ प्रतिशत शेयरको प्रतिनिधित्व गर्दै ३ जना शेयरधनीहरु र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट ०.०५ प्रतिशत शेयरको प्रतिनिधित्व गर्दै ४७८ जना शेयरधनीहरुको उपस्थिति भएको यस सभाको हाजिरी पुस्तिकामा देखिएको हुनाले एघारौं वार्षिक साधारण सभाको काम कारवाहीका लागि गणपूरक संख्या पुगेको यकिन गरियो।

**३. सभा सञ्चालनको लागि वैधानिकताको यकिन तथा सभाको अध्यक्षताः**

एघारौं वार्षिक साधारण सभा सञ्चालन गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा कम्पनीको नियमावलीको नियम २३ बमोजिमको गणपूरक संख्या पुगेको कुरा शेयरधनीहरुको हाजिरी पुस्तिकाबाट देखिएको र कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभाको वैधानिकता माथि छलफल गर्दा कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम शेयरधनीहरुलाई समयमा नै सूचना प्रकाशित गरी जानकारी गराइएको देखिएको हुँदा यस एघारौं वार्षिक साधारण सभा रीतपूर्वक बोलाइएको पाईएको भनी उपस्थित शेयरधनीहरुबाट सभाको काम कारवाही गर्न स्वीकृति प्राप्त भए बमोजिम कम्पनी सचिवबाट जानकारी गराई सभाको काम कारवाही शुरु गर्न सभाले जिम्मेवारी प्रदान गऱ्यो।

कम्पनी ऐन, २०६३ को दफा ७४ तथा कम्पनीको नियमावलीको नियम १९ मा व्यवस्था भए बमोजिम कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री दिनेशकुमार घिमिरेको अध्यक्षतामा यस एघारौं वार्षिक साधारण सभाको काम कारवाही शुरु गरियो।

**४. सभा सञ्चालन तथा सञ्चालक समितिको प्रतिवेदन प्रस्तुतिः**

सभाका अध्यक्ष श्री दिनेशकुमार घिमिरेले आफ्नो मन्तव्य सहित सञ्चालक समितिको २७०औं बैठकबाट स्वीकृत भए अनुसारको सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नुभयो। सञ्चालक समितिको उक्त प्रतिवेदन सहितको कम्पनीको आर्थिक वर्ष २०७८/७९ का वित्तीय विवरणहरु, लेखापरीक्षकको प्रतिवेदन र कम्पनीको सञ्चालक समितिबाट पेश गरिएका प्रस्तावहरु उपर छलफल गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा, सुझाव आदि भए सभामा व्यक्त गर्न अध्यक्षले शेयरधनी महानुभावहरुलाई आव्हान गर्नु भयो।

**५. शेयरधनीहरुको राय तथा सुझावः**

सभामा प्रस्तुत गरिएको वार्षिक प्रतिवेदन एवं प्रस्तावहरु उपर छलफल हुँदा देहाय अनुसारका शेयरधनीहरुले आ-आफ्नो राय, जिज्ञासा र सुझावहरु व्यक्त गर्नु भयोः-

१) शेयरधनी श्री उद्धव प्रसाद घिमिरेले कम्पनीले दोहोरो अङ्कमा प्रतिफल दिनसक्ने गरी योजना बनाएर अघि बढ्न, लगानीका लागि रणनीतिक साझेदारीमा काम गर्न र कम्पनीको मानव संशाधन विकासका कार्यहरु गर्न सुझाव दिनुभयो।

२) शेयरधनी श्री चन्द्र नारायण श्रेष्ठले शेयरधनीहरुलाई वितरण गरिने वोनस शेयर र नगद लाभांशको लागि कम्पनीलाई धन्यवाद दिंदै आगामी वर्षहरुमा अलि चाँडै नै साधारण सभा आयोजना गर्न सुझाव दिनुभयो।

३) शेयरधनी श्री डमरु वल्लभ घिमिरेले नेपाल सरकारको लगानी भएको कम्पनीहरुमध्ये राम्रो सञ्चालन र व्यवस्थापन गरेको र नियमानुसार नियमित रुपमा वार्षिक साधारण सभाको आयोजना गरिरहेको विषय स्वागतयोग्य भएको जनाउँदै कम्पनीले राम्रा राम्रा आयोजनाहरुमा लगानी गर्दै गएको र राष्ट्रको ऊर्जा क्षेत्रको विकासमा ठुलो भूमिका निर्वाह गरेको कार्य प्रशंसनीय रहेको विचार व्यक्त गर्दै यस कार्यलाई निरन्तरता दिईरहन शुभकामना व्यक्त गर्नुभयो।

४) शेयरधनी श्री शिव प्रसाद पौडेलले कम्पनीले आफ्नो वार्षिक प्रतिवेदनमा लगानी सम्बन्धी सम्पूर्ण जानकारी उल्लेख गरेकोमा धन्यवाद दिंदै कम्पनीले मझौला र ठुला आयोजनाहरुमा आफ्नो लगानी केन्द्रित गर्दै लैजान सुझाव दिनुभयो। साथै, वहाँले अझै पनि पूँजीको ठुलो हिस्सा मुद्दती खातामा नै रहेको यथार्थ तर्फ विशेष ध्यान दिई सो रकमलाई सकेसम्म चाँडो आयोजनाहरुमा लगानी गर्नका लागि विशेष पहल गर्न सुझाव दिनुभयो।

५) शेयरधनी श्री सुदिप श्रेष्ठले ५% वोनस शेयरको लागि विशेष धन्यवाद दिंदै कम्पनीबाट संस्थागत सामाजिक उत्तरदायित्व तर्फ गरिएको सहयोग सहानीय भएको भन्दै सो रकम अझ वृद्धि गर्दै लैजान सुझाव दिनुभयो।

६) शेयरधनी श्री गुणराज भट्टले कम्पनीले जलविद्युत आयोजनामा लगानी वृद्धि गर्दै देशलाई पेट्रोलियम पदार्थको परनिर्भरताबाट मुक्त गर्दै लैजानुपर्ने सुझाव दिनुभयो। साथै, संस्थापक शेयरधनी समूह अन्तर्गत बिक्री

नभएको हकप्रद शेयरलाई चाँडै लिलामी प्रक्रियाबाट सम्पूर्ण शेयर बिक्री गरी कम्पनीको चुक्ता पूँजी वृद्धि गर्न सुझाव दिनुभयो।

७) शेयरधनी श्री ब्रम्हदेव शाक्यले कम्पनीले ५% वोनस शेयर प्रदान गर्ने प्रस्ताव गरेकोमा धन्यवाद दिँदै उक्त शेयर नेपाल सरकारको स्वीकृति पश्चातमात्र शेयरधनीहरुको खातामा जम्मा हुने हुँदा आवश्यक स्वीकृति लिने प्रक्रिया यथाशीघ्र गर्न सुझाव दिनुभयो। कम्पनीले जलविद्युत आयोजनामा गरेको लगानीको प्रतिफल पाउन समय कुर्नुपर्ने भए तापनि सो लगानीले देशको आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेल्ने र भविष्यमा देशको अर्थतन्त्रलाई दीगो राख्न मद्दत पुर्‍याउने भएकोले जलविद्युत क्षेत्रमा लगानी गर्नैपर्ने विचार व्यक्त गर्नुभयो। साथै, कम्पनीबाट भएको संस्थागत सामाजिक उत्तरदायित्वको कार्य सह्रानीय भएको भन्दै उक्त कार्यलाई निरन्तरता दिइरहन सुझाव दिनुभयो।

सभामा विभिन्न शेयरधनीहरुबाट व्यक्त गरिएका राय एवं सुझावहरुका लागि धन्यवाद दिँदै प्रमुख कार्यकारी अधिकृत श्री अर्जुन कुमार गौतमले शेयरधनीहरुबाट उठेका जिज्ञासाहरुको जवाफ दिनुभयो र शेयरधनीहरुबाट प्राप्त महत्वपूर्ण सुझावहरुको कार्यान्वयन गर्न कम्पनी सदैव प्रयत्नशील रहने प्रतिबद्धता व्यक्त गर्दै आगामी दिनमा पनि कम्पनीले शेयरधनीहरुलाई उच्चतम प्रतिफल प्रदान गर्ने विषयमा कम्पनीको ध्यान केन्द्रित रहने जानकारी गराउनुभयो।

६. **प्रस्तावहरु उपर छलफल तथा निर्णयहरुः**

<u>(क) सामान्य प्रस्तावहरुः</u>

प्रस्ताव नं. १: **आर्थिक वर्ष २०७८/७९ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।**

निर्णयः सञ्चालक समितिका तर्फबाट पेश भएको कम्पनीको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन माथि सभामा छलफल गरी पारित गर्न अध्यक्षले सभामा निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा सो प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो।

**प्रस्ताव नं. २:** **आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७८/७९ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने।**

निर्णयः लेखापरीक्षक चार्टर्ड एकाउन्टेण्ट श्री सृष्टी कोइरालाबाट कम्पनीको आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण कार्य सम्पन्न गरी जारी गरिएको लेखापरीक्षकको प्रतिवेदन तथा २०७९ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७८/७९ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल भई सर्वसम्मतिबाट पारित गरियो।

प्रस्ताव नं. ३: **श्री महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श बमोजिम चालु आर्थिक वर्ष २०७९/८० को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।**

निर्णयः श्री महालेखापरीक्षकको कार्यालयको मिति २०७९/९/१३ को प.सं. २०७९/८०,च.नं. ११३ को पत्रबाट परामर्श प्रदान गरिए बमोजिम कम्पनीको लेखापरीक्षण समितिबाट सिफारिस गरिएका चार्टर्ड एकाउन्टेन्ट श्री सृष्टी कोइरालालाई चालु आर्थिक वर्ष २०७९/८० को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक रु. ३,३०,०००।- (अक्षरेपी तीन लाख तीस हजार मात्र) (मूल्य अभिवृद्धि कर बाहेक) निर्धारण गर्ने प्रस्ताव उपर छलफल भई सर्वसम्मतिबाट पारित गरियो।

**प्रस्ताव नं. ४: कम्पनीको स्वतन्त्र सञ्चालक पदमा १ (एक) जना नियुक्त गर्ने।**

निर्णयः कम्पनीको सातौं वार्षिक साधारण सभाबाट स्वतन्त्र सञ्चालक पदमा नियुक्त हुनुभएका सञ्चालक डा. ई. मेग बहादुर विश्वकर्माको चार वर्षे कार्यकाल सकिएको हुँदा कम्पनीको नियमावलीको नियम २९ को उपनियम (३) मा स्वतन्त्र सञ्चालकको नियुक्तिको लागि सञ्चालक समितिले योग्य व्यक्तिहरुको नाम चयन गरी नियुक्तिको लागि साधारण सभामा पेश गर्नुपर्ने र यसरी नाम तयार गर्दा एक जना सञ्चालक नियुक्तिको लागि कम्तीमा तीन जना योग्य व्यक्तिहरुको नाम साधारण सभामा प्रस्तुत गर्नुपर्ने व्यवस्था भए बमोजिम सञ्चालक समितिको २७१औं बैठकबाट सिफारिस गरिएका मुख्य उम्मेदवार श्री माधव प्रसाद कोइराला र वैकल्पिक उम्मेदवारहरु श्री प्रतीक मान सिं प्रधान र श्री आनन्द प्रधानमध्ये मुख्य उम्मेदवार श्री माधव प्रसाद कोइराला, इन्द्रावती गा.पा.-६, सिन्धुपाल्चोकलाई आगामी ४ वर्षको लागि कम्पनीको नियमावलीको नियम २७ को उपनियम (२) को खण्ड (ग) बमोजिमको स्वतन्त्र सञ्चालक पदमा नियुक्त गर्ने सर्वसम्मतिबाट निर्णय गरियो।

## (ख) विशेष प्रस्तावहरुः

**प्रस्ताव नं. १: सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई चुक्ता पूँजीको ५.००% (पाँच प्रतिशत) का दरले हुने रू. १,०६,३८,१३,३७५।-(अक्षरेपी एक अर्ब छ करोड अड्तीस लाख तेह हजार तीन सय पचहत्तर मात्र) बराबरको बोनस शेयर र चुक्ता पूँजीको ०.२६३% (शून्य दशमलव दुइ छ तीन प्रतिशत) का दरले हुने रू. ५,५९,९०,१७७।६३ (अक्षरेपी पाँच करोड उनान्साठी लाख नब्बे हजार एक सय सतहत्तर रुपैयाँ त्रिसठ्ठी पैसा मात्र) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने।**

निर्णयः सञ्चालक समितिबाट विशेष प्रस्तावको रुपमा पेश गरे बमोजिम चुक्ता पूँजीको ५.००% (पाँच प्रतिशत) का दरले हुने रू. १,०६,३८,१३,३७५।- (अक्षरेपी एक अर्ब छ करोड अड्तीस लाख तेह हजार तीन सय पचहत्तर मात्र) बराबरको बोनस शेयर र चुक्ता पूँजीको ०.२६३% (शून्य दशमलव दुइ छ तीन प्रतिशत) का दरले हुने रू. ५,५९,९०,१७७।६३ (अक्षरेपी पाँच करोड उनान्साठी लाख नब्बे हजार एक सय सतहत्तर रुपैयाँ त्रिसठ्ठी पैसा मात्र) नगद लाभांश प्रदान गर्न स्वीकृत गर्ने र कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२)

को अधिनमा रही नेपाल सरकारको स्वीकृति प्राप्त भए पश्चात सो लाभांश वितरण गर्ने सर्वसम्मतिबाट निर्णय गरियो।

**प्रस्ताव नं. २:** **कम्पनीको प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने।**

निर्णयः सभाका अध्यक्षज्यूले कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा यसैसाथ संलग्न तीन महले बमोजिम संशोधन गर्न विशेष प्रस्ताव गर्नु भएकोमा सभामा बृहत छलफल गर्दा कम्पनीको प्रवन्धपत्र र नियमावलीमा देहाय बमोजिम संशोधन गर्न सर्वसम्मतिबाट पारित गरियो।

**प्रवन्धपत्रको संशोधन**

१. प्रवन्धपत्रको दफा २ मा संशोधनः प्रवन्धपत्रको दफा २ को सट्टा देहायको दफा २ राखिएको छः-

"२. **कम्पनीको रजिष्ट्रर्ड कार्यालय रहने ठेगानाः** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३१ मा रहनेछ।"

२. प्रवन्धपत्रको दफा ६ मा संशोधनः प्रवन्धपत्रको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः-

"६. **कम्पनीको पूँजीको संरचनाः** कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछः

(क) कम्पनीको अधिकृत पूँजी रु. ५०,००,००,००,०००।- (अक्षरेपी पचास अर्ब रुपैयाँ) हुनेछ। सो पूँजीलाई प्रति शेयर रु. १००।- (अक्षरेपी एकसय रुपैयाँ) दरका ५०,००,००,००० (पचास करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ।

(ख) कम्पनीको तत्काल जारी शेयर पूँजी रु. २४,५५,९८,१३,४००।- (अक्षरेपी चौबिस अर्ब पचपन्न करोड अन्ठानब्बे लाख तेह्र हजार चार सय रुपैयाँ) हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु. १००।- (अक्षरेपी एकसय रुपैयाँ) दरका २४,५५,९८,१३४ (चौबिस करोड पचपन्न लाख अन्ठानब्बे हजार एक सय चौतिस) थान साधारण शेयरमा विभाजन गरिएको छ।

(ग) कम्पनीका संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु. १९,५७,०२,१३,४००।- (अक्षरेपी उन्नाइस अर्ब सन्ताउन्न करोड दुई लाख तेह्र हजार चार सय रुपैयाँ) र सर्वसाधारणले चुक्ता गर्न कबुल गरेको पूँजी रु. ४,९८,९६,००,०००।- (अक्षरेपी चार अर्ब अन्ठानब्बे करोड छयानब्बे लाख रुपैयाँ) हुनेछ।

(घ) संस्थापक शेयरधनीहरुलाई समूह “क” मा बर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ८० प्रतिशत हुनेछ। यो समूहलाई देहाय बमोजिम

२ वटा उपसमूहमा विभाजन गरिएको छ:

| क्र.सं. | शेयरधनीको विवरण | शेयर संख्या (कित्ता) |
|---|---|---|
| | उपसमूह क-१ | |
| १. | नेपाल सरकार, अर्थ मन्त्रालय | ४,९८,९६,००० |
| २. | नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | २,४९,४८,००० |
| ३. | नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | २,४९,४८,००० |
| ४. | नेपाल सरकार, महालेखा नियन्त्रकको कार्यालय | २,४९,४८,००० |
| | उपसमूह क-२ | |
| ५. | कर्मचारी सञ्चय कोष | १,२४,७४,००० |
| ६. | राष्ट्रिय बीमा संस्थान | १,२४,७४,००० |
| ७. | नागरिक लगानी कोष | १,२४,७४,००० |
| ८. | अन्य संस्थापक | ३,३५,४०,१३४ |

(ङ) सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समूह "ख" मा वर्गीकरण गरिएको छ। यो समूहको शेयर स्वामित्व कम्पनीको जारी पूँजीको बीस प्रतिशत हुनेछ।

(च) जुन समूह, उपसमूहको शेयर खरिद गरेको हो सो खरिद गर्ने व्यक्ति/संस्था/निकायलाई सोही समूह, उपसमूहमा राखिनेछ।

(छ) प्रचलित कानूनको अधिनमा रही कम्पनीले आफ्नो पूँजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ।"

३. <u>प्रवन्धपत्रको दफा १२ को उपदफा (४) सँग सम्बन्धित अनुसूचीमा संशोधन:</u>
प्रवन्धपत्रको दफा १२ को उपदफा (४) सँग सम्बन्धित अनुसूची "हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड कम्पनी सञ्चालनका नीतिगत आधारहरु" को खण्ड (क) बुँदा नं. ४ को सट्टा देहायको बुँदा नं. ४ राखिएको छ:-

"४. कम्पनीले परियोजनामा ऋण प्रवाह गर्दा वा वण्ड, डिवेन्चर वा ऋणपत्रमा लगानी गर्दा कम्पनीको कुल पूँजी कोषको २५ प्रतिशतसम्म मात्र लगानी गर्न सक्नेछ। तर, कम्पनी आफैले प्रवर्द्धन गरेको सहायक कम्पनी वा संयुक्त उपक्रम कम्पनी वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संगठित संस्था वा त्यस्तो संस्था मुख्य प्रवर्द्धक रहेको अन्य कुनै संस्थाद्वारा विकास गरिने परियोजना भएमा त्यस्ता परियोजनाहरुमा कुल पूँजी कोषको ५० प्रतिशतसम्म लगानी गर्न सक्नेछ।"

## नियमावलीको संशोधन

१. मूल नियमावलीको नियम २ मा संशोधनः मूल नियमावलीको नियम २ को सट्टा देहायको नियम २ राखिएको छः-

"२. कम्पनीको रजिष्ट्रर्ड कार्यालय रहने ठेगानाः यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३१ मा रहनेछ।"

**प्रस्ताव नं. ३:** **कम्पनीको प्रवन्धपत्र र नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरूप आवश्यक समायोजन गर्न सञ्चालक समितिलाई अधिकार प्रदान गर्ने।**

निर्णयः विशेष प्रस्ताव नं. २ बमोजिम पारित भएको कम्पनीको प्रवन्धपत्र र नियमावलीको संशोधनमा नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरूप आवश्यक समायोजन गर्न सञ्चालक समितिलाई अधिकार प्रदान गर्ने विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो।

**प्रस्ताव नं. ४:** **कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा कम्पनीबाट अटिज्म भएका बच्चाहरुको अवस्था सुधारका कार्यक्रमका लागि अभानी फाउण्डेशन, काठमाण्डौलाई रु. ४ लाख सहयोग रकम भुक्तानी भएकोमा सो को अनुमोदन गर्ने।**

निर्णयः कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा मिति २०७९/०३/२९ गते बसेको सञ्चालक समितिको २६३औं बैठकको निर्णय बमोजिम कम्पनीबाट अभानी फाउण्डेशन, काठमाण्डौलाई रु. ४ लाख सहयोग रकम भुक्तानी भएकोमा कम्पनी ऐन, २०६३ को दफा १०५ बमोजिम सो खर्चको अनुमोदन गर्न सभाका अध्यक्षज्यूले सभामा पेश गर्नु भएको विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो।

(ग) विविधः यस एघारौं वार्षिक साधारण सभामा निर्धारित प्रस्ताव सूची अन्तर्गत विविध शीर्षक अन्तर्गत छलफलको लागि कुनै विषय नभएको व्यहोरा कम्पनी सचिवबाट सभालाई जानकारी भयो।

**७. धन्यवाद ज्ञापन तथा सभा विसर्जनः**

यस कम्पनीको एघारौं वार्षिक साधारण सभामा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली अनुसार सूचना प्रकाशित गरी सभा बस्ने मिति, समय र स्थान र सभामा छलफल गरिने प्रस्तावहरु उल्लेख गरिए बमोजिम र कम्पनीका शेयरधनी महानुभावहरुलाई पत्राचार एवम् सूचना प्रवाह गरे बमोजिम सभास्थलमा तोकिएकै समयमा शेयरधनीहरु, कम्पनीका सञ्चालकहरु तथा विभिन्न निकायका प्रतिनिधिहरु उपस्थित हुनुभई एघारौं वार्षिक साधारण सभामा छलफल गर्ने विषय सूची अनुसार छलफल गरी प्रस्तावहरु पारित भएकोले सभाका अध्यक्षज्यूबाट यस सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुले सकारात्मक तथा सक्रिय रुपमा छलफलमा सहभागी

हुनुका साथै रचनात्मक सुझाव एवं सल्लाह प्रदान गर्नुभएकोमा धन्यवाद प्रदान गर्नु भयो। साथै, यस एघारौं वार्षिक साधारण सभा व्यवस्थित रुपमा सफलतापूर्वक सञ्चालन गरी सम्पन्न गर्न भूमिका खेल्नुहुने कम्पनीका सञ्चालकहरु, कम्पनीका प्रमुख कार्यकारी अधिकृत लगायत कम्पनीका सम्पूर्ण कर्मचारीहरु, शेयर रजिष्ट्रार तथा अन्य सहयोगी व्यक्ति तथा संस्थाहरु सबैलाई धन्यवाद दिंदै कम्पनीको एघारौं वार्षिक साधारण सभा सम्पन्न भएको घोषणा गर्नुभयो।

हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको (एघारौं संशोधन) प्रवन्धपत्र, २०७९

तीन महले

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|
| दफा २ मा संशोधन-<br>२. <u>कम्पनीको रजिष्ट्रर्ड कार्यालय रहने ठेगानाः</u> यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १ मा रहनेछ। | दफा २-<br>२. <u>कम्पनीको रजिष्ट्रर्ड कार्यालय रहने ठेगानाः</u> यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३१ मा रहनेछ। | कम्पनीको कार्यालय मिति २०७९/०१/२५ देखि काठमाण्डौ म.न.पा.-१, हात्तीसारबाट काठमाण्डौ म.न.पा.-३१, नयाँ वानेश्वरस्थित नागरिक लगानी कोषको कार्यालय भवनमा स्थानान्तरण भएकोले। |
| दफा ६ मा संशोधन-<br>६. कम्पनीको पूँजीको संरचनाः कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछः<br>(क) कम्पनीको अधिकृत पूँजी रु. ५०,००,००,००,०००।— (अक्षरेपी पचास अर्ब ,रुपैयाँ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।— (अक्षरेपी एकसय रुपैयाँ) दरका ५०,००,००,००० (पचास करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ।<br>(ख) कम्पनीको तत्काल जारी शेयर पूँजी रु. | दफा ६-<br>६. <u>कम्पनीको पूँजीको संरचनाः</u> कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछः<br>(क) कम्पनीको अधिकृत पूँजी रु. ५०,००,००,००,०००।— (अक्षरेपी पचास अर्ब रुपैयाँ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।— (अक्षरेपी एकसय रुपैयाँ) दरका ५०,००,००,००० (पचास करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ।<br>(ख) कम्पनीको तत्काल जारी शेयर पूँजी रु. | कम्पनीबाट प्रदान गरिएको ५% वोनस शेयरको कारणले हुने पूँजी वृद्धिको रकमलाई मिलाइएको। |

२३,४९,६०,००,०००।— (अक्षरेपी तेईस अर्ब उनान्पचास करोड साठी लाख रुपैयाँ) हुनेछ । पूँजीलाई प्रतिशेयर रु. १००।— (अक्षरेपी एकसय रुपैयाँ) दरका २३,४९,६०,००० (तेइस करोड उनान्पचास लाख साठी हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ।

(ग) कम्पनीको संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु. १८,७४,४०,००,०००।- (अक्षरेपी अठार अर्ब चौहत्तर करोड चालीस लाख रुपैयाँ) र सर्वसाधारणले चुक्ता गर्न कबुल गरेको पूँजी रु. ४,७५,२०,००,०००।- (अक्षरेपी चार अर्ब पचहत्तर करोड बीस लाख रुपैयाँ) हुनेछ।

(घ) संस्थापक शेयरधनीहरुलाई समूह "क" मा बर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ८० प्रतिशत हुनेछ । यो समूहलाई देहाय बमोजिम २ वटा उपसमूहमा विभाजन गरिएको छः

| क.सं. | शेयरधनीको विवरण | शेयर संख्या (कित्ता) |
|---|---|---|
| | उपसमूह क-१ | |
| १. | नेपाल सरकार, अर्थ मन्त्रालय | ४,७५,२०,०००।- |
| २. | नेपाल सरकार, ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय | २,३७,६०,०००।- |
| ३. | नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामीला | २,३७,६०,०००।- |

२४,५५,९८,१३,४००।— (अक्षरेपी चौबिस अर्ब पचपन्न करोड अन्ठानब्बे लाख तेह्र हजार चार सय रुपैयाँ) हुनेछ । पूँजीलाई प्रतिशेयर रु. १००।— (अक्षरेपी एकसय रुपैयाँ) दरका २४,५५,९८,१३४ (चौबिस करोड पचपन्न लाख अन्ठानब्बे हजार एक सय चौतिस) थान साधारण शेयरमा विभाजन गरिएको छ।

(ग) कम्पनीका संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु. १९,५७,०२,१३,४००।—(अक्षरेपी उन्नाइस अर्ब सन्ताउन्न करोड दुई लाख तेह्र हजार चार सय रुपैयाँ) र सर्वसाधारणले चुक्ता गर्न कबुल गरेको पूँजी रु. ४,९८,९६,००,०००।—(अक्षरेपी चार अर्ब अन्ठानब्बे करोड छयानब्बे लाख रुपैयाँ) हुनेछ।

(घ) संस्थापक शेयरधनीहरुलाई समूह "क" मा बर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ८० प्रतिशत हुनेछ । यो समूहलाई देहाय बमोजिम २ वटा उपसमूहमा विभाजन गरिएको छः

| क.सं. | शेयरधनीको विवरण | शेयर संख्या (कित्ता) |
|---|---|---|
| | उपसमूह क-१ | |
| १. | नेपाल सरकार, अर्थ मन्त्रालय | ४,९८,९६,०००।- |
| २. | नेपाल सरकार, ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय | २,४९,४८,०००।- |
| ३. | नेपाल सरकार, कानून, | २,४९,४८,०००।- |

<table>
<tr>
<td>
<table>
<tr><td></td><td>मन्त्रालय</td><td></td></tr>
<tr><td>४.</td><td>नेपाल सरकार, महालेखा नियन्त्रकको कार्यालय</td><td>२,३७,६०,०००।-</td></tr>
<tr><td></td><td>उपसमूह क-२</td><td></td></tr>
<tr><td>५.</td><td>कर्मचारी सञ्चय कोष</td><td>१,१८,८०,०००।-</td></tr>
<tr><td>६.</td><td>राष्ट्रिय बीमा संस्थान</td><td>१,१८,८०,०००।-</td></tr>
<tr><td>७.</td><td>नागरिक लगानी कोष</td><td>१,१८,८०,०००।-</td></tr>
<tr><td>८.</td><td>अन्य संस्थापक</td><td>३,३०,००,०००।-</td></tr>
</table>
(ङ) सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समूह “ख” मा वर्गीकरण गरिएको छ। यो समूहको शेयर स्वामित्व कम्पनीको जारी पूँजीको बीस प्रतिशत हुनेछ।<br>
(च) जुन समूह, उपसमूहको शेयर खरिद गरेको हो सो खरिद गर्ने ब्यक्ति/संस्था/ निकायलाई सोही समूह, उपसमूहमा राखिनेछ।<br>
(छ) प्रचलित कानूनको अधिनमा रही कम्पनीले आफ्नो पूँजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ।
</td>
<td>
<table>
<tr><td></td><td>न्याय तथा संसदीय मामीला मन्त्रालय</td><td></td></tr>
<tr><td>४.</td><td>नेपाल सरकार, महालेखा नियन्त्रकको कार्यालय</td><td>२,४९,४८,०००।-</td></tr>
<tr><td></td><td>उपसमूह क-२</td><td></td></tr>
<tr><td>५.</td><td>कर्मचारी सञ्चय कोष</td><td>१,२४,७४,०००।-</td></tr>
<tr><td>६.</td><td>राष्ट्रिय बीमा संस्थान</td><td>१,२४,७४,०००।-</td></tr>
<tr><td>७.</td><td>नागरिक लगानी कोष</td><td>१,२४,७४,०००।-</td></tr>
<tr><td>८.</td><td>अन्य संस्थापक</td><td>३,३५,४०,१३४।-</td></tr>
</table>
(ङ) सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समूह “ख” मा वर्गीकरण गरिएको छ। यो समूहको शेयर स्वामित्व कम्पनीको जारी पूँजीको बीस प्रतिशत हुनेछ।<br>
(च) जुन समूह, उपसमूहको शेयर खरिद गरेको हो सो खरिद गर्ने ब्यक्ति/संस्था/ निकायलाई सोही समूह, उपसमूहमा राखिनेछ।<br>
(छ) प्रचलित कानूनको अधिनमा रही कम्पनीले आफ्नो पूँजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ।
</td>
<td></td>
</tr>
<tr>
<td>दफा १२ को उपदफा (४) सँग सम्बन्धित अनुसूची "हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड कम्पनी सञ्चालनका नीतिगत आधारहरु" को खण्ड (क) बुँदा नं. ४ मा संशोधन-<br>
४. कम्पनीले परियोजनामा ऋण प्रवाह गर्दा वा वण्ड, डिवेन्चर</td>
<td>दफा १२ को उपदफा (४) सँग सम्बन्धित अनुसूची "हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड कम्पनी सञ्चालनका नीतिगत आधारहरु" को खण्ड (क) बुँदा नं. ४-<br>
४. कम्पनीले परियोजनामा ऋण प्रवाह गर्दा वा वण्ड, डिवेन्चर वा</td>
<td>नेपाल सरकारले प्राथमिकतामा राखेका र सार्वजनिक निकायबाट प्रवर्द्धन हुने ठुला जलविद्युत परियोजनाहरुमा लगानी गर्नका लागि विद्यमान</td>
</tr>
</table>

| | | |
|---|---|---|
| वा ऋणपत्रमा लगानी गर्दा कम्पनीको कुल पूँजी कोष २५ प्रतिशतसम्म मात्र लगानी गर्न सक्नेछ। | ऋणपत्रमा लगानी गर्दा कम्पनीको कुल पूँजी कोषको २५ प्रतिशतसम्म मात्र लगानी गर्न सक्नेछ। तर, कम्पनी आफैले प्रवर्द्धन गरेको सहायक कम्पनी वा संयुक्त उपक्रम कम्पनी वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संगठित संस्था वा त्यस्तो संस्था मुख्य प्रवर्द्धक रहेको अन्य कुनै संस्थाद्वारा विकास गरिने परियोजना भएमा त्यस्ता परियोजनाहरुमा कुल पूँजी कोषको ५० प्रतिशतसम्म लगानी गर्न सक्नेछ। | लगानी सीमाले नपुग्ने भएकोले वृद्धि गर्नुपरेको। |

## हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको (एघारौं संशोधन) नियमावली, २०७९

### तीन महले

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|
| **नियम २ मा संशोधन**<br>२. <u>कम्पनीको रजिष्ट्रर्ड कार्यालय रहने ठेगानाः</u> यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १ मा रहनेछ। | **नियम २-**<br>२. <u>कम्पनीको रजिष्ट्रर्ड कार्यालय रहने ठेगानाः</u> यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३१ मा रहनेछ। | कम्पनीको कार्यालय मिति २०७९/०१/२५ देखि काठमाण्डौ म.न.पा.-१, हात्तीसारबाट काठमाण्डौ म.न.पा.-३१, नयाँ वानेश्वरस्थित नागरिक लगानी कोषको कार्यालय भवनमा स्थानान्तरण भएकोले। |